# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०३।०८ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

श्री जन जागृत माध्यमिक विद्यालय, करुवानी, रुपन्देहीका विद्यालय व्यवस्थापन समितिका तत्कालीन अध्यक्ष सर्वजीतप्रसाद चौधरी भन्ने सर्वजीत थारुले उक्त पदमा निर्वाचित हुँदा पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र सम्बन्धमा अनुसन्धान हुँदा निजले लाभ तथा सुविधा पाउने उद्देश्यले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २(घ) मा उल्लेख भएको व्यवस्था अनुसारको सार्वजनिक पद धारण गर्दा माध्यमिक शिक्षा परिषद, वाराणसी भारतबाट माध्यमिक तह उत्तीर्ण गरेको भनि पेश गरिएको प्रमाण-पत्र झुट्टा एवं नक्कली रहेको देखिन आएको हुँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता